# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, फागुन ३० गते २०४७ साल (अतिरिक्ताङ्क ६१


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

506 655


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०४७।०४८ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिने र पूरक विनियोजन गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०४७।०४८ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही पूरक रकम खर्च गर्न अधिकार दिन र सो रकम पूरक विनियोजन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम : यस ऐनको नाम "पूरक विनियोजन ऐन, २०४७" रहेको छ ।

२. आर्थिक वर्ष २०४७।०४८ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०४७।०४८ को निमित्त अनुसूची–१ बमोजिम सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अनुसूची–२ को महल–३ मा र अनुसूची–३ को महल–३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूको निमित्त अनुसूची–२ को महल–४ मा र अनुसूची–३ को महल–४ मा निर्दिष्ट गरिएबमोजिम जम्मा रू. ५,६४,३४,२९,०००।– (पाँच अरब चौंसठ्ठी करोड चौंतीस लाख उनन्तीस हजार मात्र) मा नबढाई सञ्चित कोषबाट थप खर्च गर्न सकिनेछ ।

३. विनियोजन: यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०४७।०४८ को निमित्त अनुसूची–२ को महल–३ मा, अनुसूची–३ को महल–३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूको निमित्त पूरक विनियोजन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार

सञ्चित कोष माथि व्ययभार हुने

| १<br>क्र.सं. | २<br>अनुदान संख्या | ३<br>सेवा र कार्य | ४<br>सञ्चित कोष माथि व्यय भार हुने (रू. हजारमा) |
|---|---|---|---|
| १ | १–७ | निर्वाचन आयोग | १०००० |
| २ | ११–२ | ब्याज भुक्तानी | १६५००० |
| ३ | १२–६ | अन्य | ८००० |
| | | जम्माः– | १८३००० |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

609

अनुसूची–२

दफा–२ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १<br>क्र.सं. | २<br>अनुदान संख्या | ३<br>सेवा र कार्य | ४<br>विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|---|
| १ | १–३ | व्यवस्थापिका सचिवालय | १५६०० |
| २ | २–२ | श्री ५ को सरकारको सचिवालय | ७३०० |
| ३ | २–४ | प्रहरी | १५००० |
| ४ | ७–१ | रक्षा | ४७००० |
| ५ | ८–१ | शिक्षा | ४२५०० |
| ६ | ८–२ | स्वास्थ्य | १६१०० |
| ७ | ९–७ | सञ्चार | १०००० |
| ८ | १२–६ | अन्य | १६००० |
| ९ | १२–७ | भैपरी आउने | १००००० |
| | | जम्मा:– | ४०४५०० |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

### दफा–२ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १<br>क्र. सं. | २<br>अनुदान संख्या | ३<br>सेवा र कार्य | ४<br>विनियोजित रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | ८–१ | शिक्षा | १५८०१५ |
| २ | ८–२ | स्वास्थ्य | ८५६८ |
| ३ | ८–३ | पिउने पानी | १८०१९ |
| ४ | ८–४ | स्थानीय विकास | ९८०० |
| ५ | ८–५ | अन्य सामाजिक सेवाहरू | ५०१९०० |
| ६ | ९–१ | कृषि | ४६२०४५ |
| ७ | ९–२ | सिंचाइ | ४७४४०० |
| ८ | ९–६ | उद्योग तथा खानी | २००० |
| ९ | ९–८ | यातायात | १५८३३० |
| १० | ९–९ | विद्युत् | २१७००० |
| ११ | ९–१० | अन्य आर्थिक सेवाहरू | |
| | | (क) सिपीपास | ३०९२३९४ |
| | | (ख) अन्य | १३६४५८ |
| | | जम्मा:– | ५२३८९२९ |

लालमोहर सदर मितिः– २०४७।११।३०।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार